# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS BULLETIN

**BROADCAST: 18:40 hrs** **Date: 18.08.2024**

---

- **Nepali Notification**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले बीस अगस्त तेंतीसौं भाषा मान्यता दिवस समारोहको अवसरमा गर्नुभएको घोषणाको लगत्तै एकदिन पछि अर्थात आजबाट राज्य सरकारको गृह विभागले नेपाली भाषामा पनि अधिसूचना जारी गर्ने प्रक्रिया शुरू गरेको छ। अधिसूचनामा भनिएअनुसार राज्य सरकारले अबउसो सबै आधिकारिक अधिसूचनाहरू र राजपत्रहरू अंग्रेजी र नेपाली दुवै भाषामा प्रकाशित गर्ने निर्णय लिएको छ।

यसका साथै, सिक्किमका सबै नागरिकहरूलाई सरकारी सूचना र सेवाहरूमा समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले यो निर्णय लिइएको सूचनामा जनाइएको छ। ताकि यसबाट पारदर्शितामा बढ़ावा मिलोस्। यस निर्णयले सिक्किमवासीको सांस्कृतिक सम्पदा र पहिचानमा नेपाली भाषाको महत्त्वलाई मान्यता दिएको छ।

-----------------------------------------------------------------

- **Sensitization Programme on OSC**

महिला तथा बाल विकास विभागले One Stop Centre र महिलाविरुद्ध हिंसामाथि आयोजना गरेको एक दिवसीय जागरूकतामूलक कार्यक्रम आज पाकिम पुलिस चौकीमा सम्पन्न भयो।

One Stop Centre-ले उपलब्ध गराएको महत्त्वपूर्ण सेवाबारे जागरूकता फैलाउने र पुलिसकर्मीहरूसितको समन्वयलाई दह्लिलो बनाउने उद्देश्यले यो कार्यक्रम आयोजन गरिएको हो। कार्यक्रमबारे बोल्दै केन्द्रिय प्रशासक सुश्री छङ छुकी भोटियाले भन्नुभयो, यस केन्द्रको स्थापना निजी अथवा सार्वजनिक स्थानमा, परिवारमा, समुदायमा वा कार्य क्षेत्रमा हिंसाका कारण प्रभावित हुने महिलाहरूलाई सहयोग प्रदान गर्ने उद्देश्यले गरिएको हो।

केन्द्रले उमेर, वर्ग, जात, शिक्षा, वैवाहिक, जाति वा संस्कृतिको पर्वाह नगरी शारीरिक, यौन, भावनात्मक, मनोवैज्ञानिक तथा आर्थिक रूपमा दुर्व्यवहारको सामना गरिरहेका महिलाहरूलाई सेवा प्रदान गर्दछ। यौन उत्पिड़न, आक्रमण, घरेलू हिंसा, तस्करी, सम्मान

सम्बन्धित अपराध आदिबाट पीड़ित महिलाहरूका निम्ति विशेष सेवा उपलब्ध रहेको छ।

उहाँअनुसार केन्द्रले लिएका सबै मुद्दाहरूलाई पूर्ण गोपनीयताका साथ विचार गरिनेछ। पाकिम जिल्लामा यसै वर्षको फरवरी महिनादेखि सञ्चालनमा आएको यस केन्द्रले आपातकालिन प्रतिक्रिया तथा उद्धार, चिकित्सा सहायता, मनोसामाजिक र कानूनी सहायता अनि परामर्ष तथा आश्रयसहित विभिन्न सेवा प्रदान गर्दछ।

---------------------------------------------------------------------

- **Foundation Stone of DIET**

शिक्षा मन्त्री श्री राजु बस्नेतले आज जिल्ला शिक्षा तथा प्रशिक्षण संस्थान (DIET) कलेज गान्तोकको नयाँ छात्रावास र प्रशासनिक साथै अकादमिक खण्डको आधारशिला राख्नुभयो। यस महत्त्वपूर्ण समारोहको आयोजना संस्थानले शिक्षा विभागको अभियान्त्रिकी शाखासितको सहकार्यमा गरेको हो। संस्थानलाई उत्कृष्टताको केन्द्रको रूपमा रूपान्तरण गर्ने उद्देश्यका साथ यस परियोजनाको शुरूवात गरिएको हो।

उन्नत DIET-को महत्त्वपूर्ण हस्तक्षेपहरूमा आधारभूत पूर्वाधारको विकास, नवीनतम अनुसन्धान, सीप प्रयोगशालाको स्थापना, समावेशी शिक्षालाई समर्थन, निरन्तर व्यावसायिक विकास, उच्च शिक्षण संस्थानहरूसितको सहयोगलाई प्राथमिकता दिनु आदि सामेल हुनेछ।

बुर्तुककी विधायक श्रीमती कला राई र शिक्षा विभागका अतिरिक्त मुख्य सचिव श्री R तेलाङको पनि उपस्थिति रहेको कार्यक्रममा अभियान्त्रिकी टोलीले नयाँ छात्रावास र प्रशासनिक खण्डको प्रारूप र योजनाबारे विस्तृत प्रस्तुतिकरण दियो। प्रस्तुतिकरणमार्फत परियोजनाको दायरा र निर्माण कार्य समाप्तिको अपेक्षित समयसीमामाथि प्रकाश पारियो।

---------------------------------------------------------------------

- **Jago Ghrahak Jago Quiz**

निम्न स्तरसम्म पहुँच र युवाजमातलाई जिम्मेवार उपभोक्ता बन्नमा जागरूक गर्ने उद्देश्यले सिक्किम सरकारको खाद्य तथा नागरिक आपूर्ति विभागको कानूनी मापविज्ञान एकाई र उपभोक्ता संरक्षण

प्रकोष्ठले जागो ग्राहक जागो हाजिरीजवाफ प्रतियोगिताको शुरूवात गरेको छ। सिक्किम भरिका सरकारी र निजी विद्यालयको राज्य स्तरीय अन्तर वरिष्ठ माध्यमिक विद्यालय हाजिरीजवाफ र जागरूकता अभियानको आज शुरूवात भयो।

यसैगरी खण्ड स्तरीय हाजिरीजवाफ प्रतियोगिता सोरेङ अनि मंगन गरी दुईवटा जिल्लामा शुरू भएको छ। यसअन्तर्गत सोरेङका आठ अनि मंगनका चारवटा वरिष्ठ माध्यमिक विद्यालयले प्रतियोगितामा सहभागिता जनाए। खण्ड स्तरीय प्रतियोगिताका विजयीले जिल्ला स्तरमा आफ्नो विद्यालयलाई प्रतिनिधित्व गर्नेछन्।

---------------------------------------------------------------------

- **SSR Training**

पाकिमका जिल्लाधीश एवं जिल्ला निर्वाची अधिकारी श्री अग्वाने रोहन रमेशको उपस्थितिबीच ग्रामीण विकास विभागको कार्यालयमा विशेष संक्षिप्त संसोधनमाथि व्यापक प्रशिक्षण सत्र सम्पन्न भयो।

यस अवसरमा जिल्लाको सबै पाँचवटा समष्टिका निर्वाचन पञ्जीकरण अधिकारी, सहायक निर्वाचन पञ्जीकरण अधिकारी तथा बुथ स्तरीय अधिकारीहरूको उपस्थिति रहेको थियो।

प्रशिक्षणको मुख्य उद्देश्य मतदाता सूचिहरूको सटीकता र नवीनता सुनिश्चित गर्नमा ध्यान केन्द्रित गर्दै विशेष संक्षिप्त संसोधन प्रक्रियामा BLO-हरूको समझ र विशेषज्ञतालाई अझ गहन्ता दिनुथियो।

प्रशिक्षणमा पाकिमका अतिरिक्त जिल्लाधीश श्री साङ्गे ग्याछो भोटियाले BLO-हरूलाई लगनशीलताका साथ मतदाता सूचीहरू प्रमाणीकरण गर्न, कुनै पनि नक्कली प्रवेशको पत्तो लगाउन र सुधार गर्न अनि कुनै पनि अनिश्चितताबारे सम्बोधन गर्न प्रशिक्षकबाट मार्गदर्शन लिन प्रोत्साहित गर्नुभयो।

---------------------------------------------------------------------

- **GMC Meeting**

गान्तोक नगर निगमका नगर आयुक्त श्री RB भण्डारीले GMC-को सम्मेलन कक्षमा सम्पन्न शहरी कार्य दलको खोपलाई लिएर आयोजित बैठकको अध्यक्षता गर्नुभयो। शहरी कार्य दलको मुख्य उद्देश्य खोपमा सुधारसितै शहरी क्षेत्रमा रोकथाम गर्न सकिने खोपसँग सम्बन्धित रोग कम गर्नमा ध्यान केन्द्रित गर्नु हो।

डाक्टर म्यिडमा D लासोपाले गान्तोक र रानीपूल शहरी प्राथमिक स्वास्थ्य केन्द्रहरूमा पहिलो तीन महिनाका लागि विश्वव्यापी

टीकाकरण कार्यक्रमको स्थिति र प्रदर्शन रिपोर्टमाथि विस्तृत प्रस्तुति दिनुभयो। उहाँले बैठकमा चर्चा गरिएअनुसार विश्वव्यापी टीकाकरण कार्यक्रमको तयारीबारे पनि अवगत गराउनुभयो।

---------------------------------------------------------------------